
# निर्वाचन विशेष

न्युजलेटर अंक १, २०२६

WOREC

## भय रहित र समावेशी निर्वाचनको माग सहित मानव अधिकार रक्षकहरुको सिफारिस

ओरेकको आयोजनामा सातैवटा प्रदेशका मानव अधिकार रक्षकहरुसंग भर्चुअल वेवीनार ७ फेब्रुअरी २०२६ मा सम्पन्न भयो । प्रतिनिधि सभा निर्वाचन नजिकिँदै गर्दा मुलुकको राजनीतिक र सामाजिक अवस्था संवेदनशील बन्दै गएको छ । यो अवस्थामा मानव अधिकार उल्लङ्घनका सम्भावित तथा भइरहेका घटनाहरूको अनुगमन, तथ्यगत अभिलेखीकरण, र प्रतिकार्यद्धारा सम्बन्धित पक्षलाई जवाफदेही बनाउनु हाम्रो जिम्मेवारि हो। विशेषगरी महिला, दलित, मुस्लिम, आदिवासी जनजाति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र अन्य पछाडि पारिएका समुदायका सदस्यहरू, साथै ती समुदायबाट नेतृत्व तहमा आउन




खोजिरहेका उम्मेदवारहरू बढी जोखिममा रहने विद्यमान संरचनागत अवस्थालाई मध्यनजर गर्दै, सातैवटा प्रदेशका ६५ भन्दा बढी मानव अधिकार रक्षकहरूसँग जोखिम न्युनिकरणका उपाय र हाम्रो भुमिकाबारे अनुभव तथा विचार आदानप्रदान गरियो । यस पहलले निर्वाचनमा नागरिकको समान पहुँच र सुरक्षित मतदान सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिइएको छ । बैठकको सहजीकरण ओरेकका संस्थापक अध्यक्ष तथा महिलावादी अभियन्ता डा. रेणु अधिकारीले गर्नुभएको थियो।

## सहभागीहरुबाट उठेका सवालहरु

निर्वाचन अवधिमा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका उम्मेदवारहरू लक्षित धम्की, मानसिक दबाब, अपमानजनक व्यवहार तथा प्रत्यक्ष र अप्रत्यक्ष हिंसाको जोखिम गम्भीर रूपमा बढेको देखिन्छ। विशेषगरी **महिलामाथि केन्द्रित हेट स्पिच, चरित्र हत्या, गलत सूचना र अपमानजनक सामग्रीको** योजनावद्ध प्रवाहले उनीहरूको राजनीतिक सहभागितालाई कमजोर बनाउँदै आत्मविश्वास र सार्वजनिक उपस्थितिलाई सीमित गरिरहेको छ। साथै, **जेन्जी आन्दोलनका क्रममा लुटिएका हातहतियार निर्वाचनमा प्रयोग हुन सक्ने** आशंकाले समुदायस्तरमा भय र असुरक्षाको वातावरण सिर्जना गरेको छ, जसको प्रभाव विशेष गरी भौगोलिक रूपमा विकट जिल्लाहरूमा देखिन्छ। उक्त जिल्लाहरुमा सम्भावित हिंसाका कारण मतदाताहरू, खासगरी महिला र पछाडि पारिएका समुदाय, आफ्नो मताधिकार प्रयोग गर्न असुरक्षित महसुस गरिरहेका छन्। यसैबीच, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती महिला तथा अन्य विशेष आवश्यकता भएका समूहका लागि **मतदान केन्द्रहरू अझै पनि पूर्ण रूपमा पहुँचयोग्य, सुरक्षित र अनुकूल नहुनु**ले उनीहरूको सहभागितामा संरचनागत अवरोध कायम छ। केही स्थानमा महिलालाई **आफ्नो इच्छाविपरीत परिवार, समुदाय वा राजनीतिक समूहको दबाबमा भोट हाल्न** बाध्य पारिने अभ्यासले मताधिकारको स्वतन्त्रता नै खण्डित गरिरहेको छ। यस्तै, निर्वाचन अवधिमा मानव अधिकार उल्लङ्घनका घटनाहरू अभिलेखीकरण र उजागर गर्ने क्रममा महिला तथा मानव अधिकार रक्षकहरू स्वयं धम्की, दबाब र हिंसाको जोखिममा रहनु लोकतान्त्रिक अभ्यास र मानव अधिकार संरक्षण दुवैका लागि गम्भीर चुनौतीका रूपमा देखा परेको छ।

## मुख्य सिफारिसहरु

- डर, भय, त्रासमुक्त र सुरक्षित मतदान वातावरण सुनिश्चित गर्न सुरक्षा निकायले जोखिमयुक्त क्षेत्र र उम्मेदवार पहिचान गरी विशेष सुरक्षा योजना कार्यान्वयन गर्नुपर्ने ।
- महिला, दलित, आदिवासी जनजाति र लैङ्गिक तथा यौनिक अल्पसंख्यक उम्मेदवारमाथि हुने धम्की, दबाब र हिंसालाई शून्य सहनशीलताका साथ तुरुन्त कारबाही गर्नुपर्ने ।
- महिला लगायत अन्य पछाडि पारिएका समुदायका उम्मेदवार माथि हुन सक्ने हिंसाको जोखिमलाई मध्यनजर गर्दै तत्काल सहयोग लिन सक्ने सहयोगी संयन्त्रको विकास गर्नुपर्ने ।
- सामाजिक सञ्जालमार्फत आएका हेट स्पिच, चरित्र हत्या र गलत सूचनाको नियमित अनुगमनका लागि समन्वित डिजिटल निगरानी प्रणाली स्थापना गर्नुपर्ने ।
- कसैलाई पनि परिवार, समुदाय वा राजनीतिक समूहबाट हुने दबाब वा प्रलोभनबाट मतदान गर्न बाध्य नबनाइएको अवस्था सुनिश्चित गर्न कडा अनुगमन र त्यस्तो अवस्था भेटिएको खण्डमा कारबाही प्रक्रिया अघि बढाउनुपर्ने ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती महिला र अन्य विशेष आवश्यकता भएका समूहका लागि मतदान केन्द्र पूर्ण रूपमा पहुँचयोग्य, सुरक्षित र अनुकूल बनाउनुपर्ने ।
- महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र पछाडि पारिएका समुदायलाई लक्षित गर्दै निर्वाचन साक्षरता कार्यक्रम सुदृढ गर्नुपर्ने ।
- निर्वाचन अवधिमा हुने हिंसा र मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सुरक्षित, गोप्य र प्रमाणमा आधारित भई अभिलेखीकरण गर्ने प्रणाली लागू गर्नुपर्ने ।
- मानव अधिकार रक्षकहरूले मानव अधिकार हनन् का घटनाहरु अभिलेखीकरण गर्दा वा मानव अधिकारको पक्षमा बोल्दा अथवा कार्य गर्दा आउन सक्ने धम्की, दबाब र हिंसाबाट सुरक्षा, कानुनी संरक्षण र आपतकालीन सहयोग सुनिश्चित गर्नुपर्ने ।
- सामाजिक सञ्जाल र आम संचार माध्यममार्फत लोकतान्त्रिक मूल्य, समान सहभागिता र अहिंसालाई प्रवर्धन गर्ने सकारात्मक सन्देश प्रवाह गर्नुपर्ने ।
- निर्वाचन आयोग, सुरक्षा निकाय, नागरिक समाज र मानव अधिकार रक्षकबीच नियमित समन्वय र सूचना आदान–प्रदान प्रणाली स्थापना गरी सबै पक्षको उत्तरदायित्व सुनिश्चित गर्नुपर्ने ।

छलफलको निस्कर्षले निर्वाचनलाई केवल राजनीतिक प्रक्रिया मात्र नभई मानव अधिकारको परीक्षाको रूपमा चित्रण गरेको छ । निर्वाचन अवधिमा देखिने हिंसा, दबाब, हेट स्पिच र संरचनागत विभेदले लोकतान्त्रिक अभ्यासलाई कमजोर बनाइरहेको स्पष्ट हुन्छ । विशेषगरी महिला लक्षित डिजिटल हिंसा, चरित्र हत्या र गलत सूचनाले उनीहरूको राजनीतिक सहभागितालाई योजनाबद्ध रूपमा सीमित गरिरहेको देखिन्छ, जसले पितृसत्तात्मक शक्ति संरचनाको निरन्तरता उजागर गर्छ । तसर्थ, यो संवेदनशील घडीमा सरकार, नागरिक समाज र सबै निकायहरु निष्पक्ष, भय रहित, र लैंगिक संवेदनशील निर्वाचनका लागि आ-आफ्नो क्षेत्रबाट पूर्ण जिम्मेवार हुदै कार्य गर्नु अहिलेको अपरिहार्यता हो ।

